म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ९ | सोमबार २३ साउन २०७९ | ने. सं. ११४२ गुँलाथ्व | 8 August, 2022 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**घर तथा फ्ल्याट भाडामा**

हेटौंडा-२ स्थित सिद्धार्थ स्कुल अगाडि रहेको साडे २ तल्ला घर भाडामा रहेको हुँदा अफिस, आवास तथा गोदामको लागि आवश्यक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

हेटौंडा-५, अब्बलडाँडामा रहेको १ तल्ला घर बिक्री तथा भाडामा रहेको छ ।

हेटौंडा-५, पिप्ले रुद्रेश्वर मन्दिर नजिक रहेको २६ धुर जग्गा बिक्रीमा रहेको हुँदा इच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

सम्पर्क नं. ९८५११३२८७४
९८४५०२८४३१

# अख्तियारमा स्थानीय तहविरुद्ध उजुरीको चाङ

साझाकुरा संवाददाता

हेटौंडा, २२ साउन/ अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय हेटौंडामा स्थानीय तहविरुद्धको उजुरीको चाङ लागेको छ ।

अख्तियारमा देश संघीयतामा गएपछि सबैभन्दा प्रभावकारी मानिएको स्थानीय सरकारविरुद्धको उजुरीको चाङ लागेको हो । अख्तियार दुरूपयोग अनुसन्धान आयोगको क्षेत्रीय कार्यालय हेटौंडामा गत आर्थिक वर्ष २०७८/०७९ मा स्थानीय तहविरुद्धको अनियमितताको उजुरी सबैभन्दा बढि परेको पाइएको छ । कार्यालयले उपलब्ध गराएको तथ्यांकअनुसार गत आर्थिक वर्षमा स्थानीय तहविरुद्ध ७ सय ७८ उजुरी स्थानीय तहविरुद्धमा परेका छन् ।

यसअघिको आर्थिक वर्ष २०७७/०७८ मा स्थानीय तहविरुद्धको उजुरी ५ सय १८ वटा उजुरी परेको थियो । यी दुई आर्थिक वर्षको तथ्यांकलाई हेर्दा अख्तियारमा स्थानीय तहविरुद्धको उजुरीको संख्या बढ्दो अवस्थामा रहेको देखिन्छ । आयोग कार्यालय हेटौंडामा अघिल्लो आर्थिक वर्षमा परेको कुल ९ सय २९ वटा उजुरीमध्ये ५ सय १८ वटा उजुरी स्थानीय तहविरुद्ध परेको थियो भने गत आर्थिक वर्षमा एक ६ सय वटा उजुरी मध्ये ७ सय ७८ उजुरी स्थानीय तहविरुद्धको रहेको तथ्यांकमा उल्लेख छ । त्यस्तैगरि २ सय ८९ उजुरी शिक्षासँग सम्बन्धित छन् ।



कार्यालयको क्षेत्राधिकार भित्र पर्ने ११ वटा जिल्लाहरुमा सबैभन्दा बढी बढि उजुरी बाराबाट ३ सय ९१ र सबैभन्दा कम उजुरी रसुवाबाट ३ वटा मात्र परेको छ । आयोगले गत आर्थिक बर्षमा ७० दशमलव ७५ प्रतिशत उजुरीको फछ्र्यौट गरेको छ । आयोगको हेटौंडा कार्यालयमा परेका एक हजार ६ सय वटा उजुरी मध्ये एक हजार एक सय ३२ वटा उजुरीको फछ्र्यौट गरेको छ । स्थानिय तहमा उजुरी बढ्ने क्रम बर्षदर बढ्दो रहेको आयोगको हेटौंडा कार्यालयका सूचना अधिकारी उपसचिव विष्णु प्रसाद सापकोटा बताउँछन् । उनका अनुसार निर्माणमा अनियमितता समबिन्ध उजुरी सबैभन्दा बढि पर्ने गरेका छन् । सापकोटाका अनुसार उजुरीको प्रकृतिलाई हेर्दा विद्यालयको भवन निर्माणमा अनियमितता, राजस्व हिनामिना, विद्यालय कोषको रकम हिनामिना, शिक्षक कर्मचारी नियुक्तिमा अनियमित्तता जस्ता विषयमा उजुरी धेरै रहेका छन् ।

त्यसैगरी उपभोक्ता समितिमार्फत हुने काममा अनियमितता, सार्वजनिक जग्गा अतिक्रमण, खर्चको अपारदार्शिता, कर्मचारी नियुक्तिमा अनियमितता, वडाका अध्यक्षहरुले सिफारिस गरेर राजस्व हिनामिना गरेको, कर्मचारीहरुको सुविधालगायतका विषयमा उजुरी पर्ने गरेको सापकोटाले जानकारी दिए । उनका अनुसार कार्यालयमा बारा जिल्लाको उजुरी धेरै परेको छ । अख्तियारको हेटौंडा कार्यालयको क्षेत्राधिकार भित्र पर्ने रौतहट, बारा, पर्सा, मकवानपुर, चितवन, धादिङ, नुवाकोट, रसुवा, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, दोलखा गरी ११ जिल्लामा सबैभन्दा धेरै बारा जिल्लाको उजुरी परेको हो । सापकोटाले अख्तियारमा बाराको मात्रै ३ सय ९१ उजुरी परेको जानकारी दिए । उनको अनुसार सबैभन्दा कम उजुरी रसुवाको परेको छ । गत एक आर्थिक वर्षभरिमा रसुवाबाट भ्रष्टचारको उजुरी ३ वटा मात्रै परेको छ ।

त्यस्तै रौतहटमा ३ सय ७४, मकवानपुरमा ३ सय १०, पर्सामा २ सय ८६ वटा उजुरी परेका छन् । त्यस्तै चितवनमा १ सय ६६, दोलखा र धादिङमा १८-१८, काभ्रेपलाञ्चोकमा १५, रामेछापमा अघिल्लो आवबाट सरि आएको १२, नुवाकोटमा ४ र सिन्धुपाल्चोकमा ३ वटा उजुरी परेका थिए । जसमा कुल १ हजार १३२ वटा उजुरीको फछ्र्यौट भएको छ भने ४ सय ६८ उजुरी फछ्र्यौट हुन् बाँकी रहेको प्रवक्ता सापकोटाले बताए ।

# मकवानपुरमा कोदोको प्रवर्द्धन गर्न खेति, उत्पादनलाई ब्राण्डिङ गर्न सुझाव

साझाकुरा संवाददाता

हेटौंडा, २२ साउन (रासस)/ नेपालमा घट्दै गएको कोदो उत्पादनलाई बढाउन भन्दै मकवानपुरका किसानले कोदोको प्रवर्द्धन सुरु गरेका छन् ।

विगतमा नेपालमा प्रशस्त मात्रामा उत्पादन हुने कोदोको हाल खेती हुन छाडेपछि राष्ट्रिय कृषक समूह महासंघको पहलमा यसको प्रवर्द्धन सुरु गरिएको हो । कोदोको उपयोगिता तथा पौष्टिक महत्व बुझेपछि जिल्लाका किसानले यसको खेती सुरु गरेका हुन् ।



जिल्ला समन्वय समितिका प्रमुख ललित घलानका अनुसार मकवानपुर विगतमा अत्याधिक मात्रमा कोदो उत्पादन हुने जिल्ला हो । फेरि पनि कोदोको उत्पादन बढाउनुपर्ने उनको भनाइ छ । 'विदेशबाट कोदो आयात हुने क्रमलाई रोक्न सक्नुपर्छ । कोदोका विभिन्न परिकार तथा मदिरासमेत उत्पादन गरेर ब्राण्डिङ गर्नुपर्छ ।,' उनले भने ।

हाल जिल्लाका किसानहरु स्वत: कोदो प्रवर्द्धनमा लागेका छन् । पदमपोखरी, भीमफेदी तथा हटिया हर्नामाडी, हाँडिखोलालगायतका क्षेत्रका किसानले कोदो रोप्न सुरु गरेका छन् । कोदोको प्रवर्द्धन गरेर यसका परिकार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा पुऱ्याउनुपर्ने राष्ट्रिय किसान आयोगकी सदस्य तथा प्रवक्ता जीवन्ती पौडेलको भनाइ छ ।

कोदो आयात गर्नुपर्ने अवस्था आउनु कृषि प्रधान मुलुकका लागि दुर्भाग्य पूर्ण रहेकाले त्यो अवस्थाको अन्त्य गर्न आफू कोदो रोप्न अग्रसर भएको उनले बताए । विदेशी मदिरालाई हतोत्साही गर्न कोदोको मदिरालाई वैधानिक तरिकाले उत्पादन गर्नुपर्ने उनको सुझाव छ ।

राष्ट्रिय समावेशी आयोगकी सदस्य विष्णु ओझा रैथाने बालीको संरक्षणमा राज्यले विशेष भूमिका खेल्नुपर्ने बताउँछिन् । रैथाने बालीले यहाँको जनजीविकासँग विशेष महत्व राख्ने उनको भनाइ छ ।

कोदो देशका अल्पसङ्ख्यक तथा सीमान्तकृत जाति, समुदायको जीवनपद्धतिसँग जोडिएको अन्न भएकाले पनि यसको संरक्षण गर्दै उत्पादन बढाउनु पर्ने उनले बताएकी छन् । जिल्लाको पदमपोखरी, हटिया, हर्नामाडी, मकवानपुरगढी, राईगाउँ, फापरबारी, भीमफेदी, पालुङजस्ता स्थानमा हजारौं मुरी कोदो उत्पादन भएर निर्यात समेत हुने गर्थ्यो ।

अन्य नगदेबाली लगाउन थालेपछि कोदो खेती लगभग लोप हुने अवस्थामा पुगेको छ । नेपालमा लोप हुने अवस्था आए पनि विदेशबाट भने प्रशस्त मात्रामा आयात हुन थालेपछि नेपालमै उत्पादन बढाउने उद्देश्यले कोदोको खेती सुरु गरिएको भीमफेदीका किसान दीपक पुडासैनी बताउँछन् । 'अहिले कोदो खेतीको पुन सुरु गरेका छौं, आगामी दिनमा यसलाई वृद्धि गर्दै जाने लक्ष्य छ ।,' उनले भने । जिसस प्रमुख घलानका अनुसार पदमपोखरी क्षेत्रमा कोदो, मकै र भटमास अत्यधिक मात्रामा उत्पादन हुने गर्थ्यो । समथल तर सिंचाई सुविधा नहुनाले यहाँका किसानको पहिलो रोजाइँ कोदो हुने गरेकामा विस्तारै खानेपानीको धारालाई नै प्रयोग गरेर किसानले वैकल्पिक खेती सुरु गर्न थालेपछि यहाँका किसानले कोदो लगाउन छाडेका थिए ।

अब कोदोले राम्रो मूल्य पाउने अवस्था बनेकाले विस्तारै किसान आफैँले कोदो लगाउन सुरु गर्ने उनले बताए । राष्ट्रिय कृषक समूह महासंघका अनुसार कोदो नेपालको धान, मकै र गहुँपछि चौथो महत्वपूर्ण अन्नबाली हो । यसलाई नेपालको पहाडि भेगमा मकैपछिको दोस्रो बालीको रुपमा लिइन्छ ।

यसलाई कम उर्वर क्षमता भएको रूखो तथा पाखोबारीमा समेत खेती गरेर उत्पादन लिन सकिने बालीको रुपमा लिइन्छ । कोदोका बारेमा जानकार उद्धव अधिकारीका अनुसार यस बालीमा रोग तथा किराको प्रकोप कम हुन्छ । जलवायु अनुकूलनीय र वातावरणमैत्री अन्नबालीको रुपमा पनि यसलाई लिने गरिन्छ ।

उनका अनुसार कोदोको बिउलाई १५ वर्षसम्म पनि भण्डारण गरेर राख्न सकिन्छ । कोदो समुद्री सतहदेखि ३०० मिटरको उचाइदेखि तीन हजार मिटरसम्मको उचाइमा यसको खेती हुन्छ । नेपालमा मनाङ र मुस्ताङ बाहेक सबै जिल्लामा कोदोको खेती हुने राष्ट्रिय कृषक समूहका अध्यक्ष नवराज बस्नेत बताउँछन् ।

राष्ट्रिय कृषक समूहका अनुसार ७० भन्दा बढी देशको समर्थनमा संयुक्त राष्ट्र संघले सन् २०२३ लाई अन्तर्राष्ट्रिय कोदो वर्षको रुपमा मनाउने घोषणा गरेको छ । कोदो पौष्टिकताको हिसाबले विश्वको महत्वपूर्ण बाली रहेको कोदोका जानकार बताउँछन् ।

रेसा, क्यालिसयम, फसफोरस, फलाम, लवण, अमिनोएसिडलगायत शरीरलाई अत्यावश्यक पर्ने पौष्टिकताले भरि पूर्ण कोदोको सेवनले रगतमा बोसो र कोलेस्टोरोल घटाउने तथा चिसो लाग्नबाट जोगाउने राष्ट्रिय कृषक समूहका पूर्वअध्यक्ष समेत रहेका उद्धव अधिकारीले बताए । उनका अनुसार कोदोलाई 'हिमालयन सुपर फुड' को रुपमा लिइन्छ ।

भात मात्रै खाने संस्कृतिलाई न्यूनीकरण गरी खाद्य विविधता र पोषण सुरक्षामा नयाँ आयाम सुरुआत गर्न कोदोको प्रवर्द्धन आवश्यक रहेको बताउँछन् । राष्ट्रिय कृषक समूहका अध्यक्ष नवराज बस्नेत अहिलेको सुअन्न भनेर चिनिने खाद्यान्नभन्दा अब्बल गुण कोदोमा हुने बताउँछन् । जिल्लामा दोस्रो कोदो दिवसको अवसर पारेर यही साउन १५ गते कोदोको महत्व र उपयोगिताका बारेमा राष्ट्रियस्तरको कार्यक्रम समेत आयोजना गरिएको थियो । राष्ट्रिय कृषक समूह महासंघ, नेपाल, कृषि पत्रकारहरुको संस्था अनाज नेपालको संयुक्त पहलमा कोदो दिवस मनाउन सुरु गरिएको हो ।

# महिला जागरुक बनाउने सडक अभियान सकियो

साझाकुरा संवाददाता

हेटौंडा, २२ साउन/ गृहिणी शिक्षा लागू र प्रदेश खारेज मागसहित हेटौंडामा भएको महिलाहरुलाई जागरुक बनाउने १० दिने अभियान सकिएको छ ।

महिला सीप विकास केन्द्र मकवानपुरले विभिन्न माग राखेर १२ साउनदेखि १० दिने सडक अभियान सञ्चालन गरेको थियो । देशभर गृहिणी शिक्षा लागू गर्न र भ्रष्टाचार अन्त्यको लागि अभियान चलाएर आइतबार समापन गरिएको हो । अभियानअन्तर्गत हेटौंडाका चोकमा माइकिङ गरेर सचेतना, पर्चा वितरण, कोणसभा, नागरिक समाजहरुसँग अन्तरक्रिया र स्थानीयतहरुलाई ध्यानाकषर्ण पत्र बझाइएको केन्द्रकी अध्यक्ष रिता खनालले जानकारी दिइन् ।

अभियानमा देशभर गृहिणी शिक्षा लागु गर्न दबाब सिर्जना गर्ने उद्देश्यले महिलाहरुलाई सचेतना, देशमा बढीरहेको बेथिति, भ्रष्टाचार, कुशासन अन्त्य र प्रदेश सरकार खारेज माग गरिएको छ ।


हेटौंडा उपमहानगरपालिका-१४ मा कोणसभा गर्दै अभियानलाई समापन गरिएको छ । अभियानमा हेटौंडाको १९ वटै वडा र ३ वटा गाउँपालिकामा सचेतनामुलक पर्चा वितरण र सभा गरिएको केन्द्रकी अध्यक्ष खनालले बताइन् ।

महिला साक्षर होइन शिक्षित हुनुपर्छ भन्दै अध्यक्ष खनालले महिला अब नेतृत्व तहमा आउनुपर्ने बताएकी छन् । केन्द्रका अध्यक्ष खनालको सभाध्यक्षतामा भएको समापन कार्यक्रममा उपाध्यक्ष शान्ति आचार्य, सचिव चित्रलेखा उपाध्याय, सहसचिव लक्ष्मी गौतम, कोषाध्यक्ष गीता अर्याललगायतको उपस्थिति थियो ।

केन्द्रले २०६३ सालमा जिल्लाभर गृहणी शिक्षा आन्दोलन र सहकारी अभियान संचालन गरेपछि तत्कालिन सरकारले वैकल्पिक शिक्षा प्रणालीको रुपमा ग्रहण गरेको स्मरण गर्दै पुन: अभियान चलाएको हो । केन्द्रले घरघरबाट महिलाहरु जागरुक भएर अभियानसँग जोडिनु पर्नेमा जोड दिएको छ ।

ADMISSION OPEN

10+2
SCIENCE
HOTEL MANAGEMENT
MANAGEMENT
(Both for the Morning & the Afternoon Session)



Foundation Classes for Medical and Engineering

New attraction for Science students

HETAUDA SCHOOL OF MANAGEMENT
"कडा अनुशासन, स्तरीय शिक्षा"

Contact: 057-524701, 057-524711

Hetauda-4, Makawanpur
info@hsm.edu.np
@hsm.edu.np

www.hsm.edu.np

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरू:
- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# घोषणालाई व्यवहारिक बनाऔं

नेपालमा हालसम्म शिक्षा, बालबालिका, महिला र स्वास्थ्यका क्षेत्रमा रहेर धेरै घोषणाहरु भइसकेका छन् । घोषणा अर्थात, सम्बन्धित क्षेत्रलाई व्यवहारिक रुपमा संस्थागत गर्न गरिने प्रतिबद्धता । विगतमा संघीयता स्थापना हुनुअवागैका सरकारले जिल्ला-जिल्लामा देशभर खुला दिशापिसाब मुक्त क्षेत्र घोषणा गर्ने लहर नै चलाएको थियो । देशका अधिकांश जिल्लाहरु खुला दिशापिसाब मुक्त जिल्ला घोषणा पनि भए । घोषणासँगै जिल्ला-जिल्लामा सरकारले शौचालय बनाउने अभियानलाई एनजिओहरुसँगको सहकार्यमा गऱ्यो । धेरै जिल्लामा शौचालयहरु पनि निर्माण भए । तर, न घोषणाको पूर्ण कार्यान्वयन भएको छ न शौचालय नै पूर्ण प्रयोगमा आएका छन् ।

सरकारको घोषणा घोषणामै सीमित रह्यो । खुला दिशापिसाब मुक्त घोषणा भएका जिल्लाहरुमै त्यसको कार्यान्वयन कम छ । पुरानो घोषणालाई हालका तीन तहका सरकारले खासै ध्यान दिएको पाईदैन । हालका तीन सहका सरकार संघ, प्रदेश र स्थानीय तहले सरसफाई अभियान भने चलाएका छन् । सरकारले विगतमा खुला दिशापिसाब मुक्त घोषणा गरेपनि नागरिकहरुलाई व्यवहारमै परिवर्तन गराउन भने असफल भएको थियो । औपचारिक कार्यक्रमबाट घोषणा गरेर पुरस्कार खाने होडबाजीमा लागेका तत्कालीन जिल्ला विकास समितिहरुले नागरिहरुलाई व्यवहारिक रुपमै खुला दिशापिसाब मुक्त अभियान बारे बुझाउन सकेका थिएनन् । विगतमा जस्तै, अहिले स्थानीय तहहरुमा बालमैत्री घोषणा गर्ने अभियान चलेको छ । देशभरका गाउँपालिकामध्ये मकवानपुरका तीन वटा गाउँपालिका बालमैत्री घोषणा भइसकेका छन् । जसमध्ये देशमै पहिलो बालमैत्री गाउँपालिका मनहरी, दोस्रो बकैया र तेस्रो मकवानपुरगढी हो । यी तीन पालिकाहरुले बालमैत्री घोषणा गरेर कार्यान्वयनमा चरणमा पुगेका छन् । मकवानपुरकै भीमफेदी र कैलाशले तयारी तीव्र बनाएका छन् । घोषणाको तयारी गरिरहेका गाउँपालिकाहरुले घोषण भइसकेका गाउँपालिकाहरुको वास्तविक स्थिति मुल्यांकन गर्नुपर्ने हुन्छ ।

बाल बचाउ, बाल संरक्षण, बाल विकास र अर्थपूर्ण बाल सहभागिता जस्ता बाल अधिकारका सवाललाई स्थानीय तहको नीति, संरचना, प्रणाली र कार्य प्रक्रिया र व्यवहारमा संस्थागत गर्ने शासकीय पद्धति नै बालमैत्री स्थानीय शासन हो । यही शासकीय पद्धतिलाई संस्थागत गरेको बताउन घोषणा हुने गरिन्छ । बालमैत्री घोषणा पनि घोषणमै सीमित भएको पाइन्छ । घोषणाले बालविवाह रोकथाम, बालश्रम न्यूनिकरण गर्ने प्रमुख उद्देश्य बोकेपनि कार्यान्वयन भएको पाइएको छैन् । घोषणालाई नागरिगमा व्यवहारिक कार्यान्वयनतर्फ जोड नदिँदा बालविवाह र बालश्रम जस्ता गम्भिर समस्या जस्ताकोत्यस्तै छन् । अब यसलाई घोषणामा मात्रै ध्यान नदिई व्यवहारिक रुपमै लागू गर्न तीनै तहका सरकार लाग्नुपर्दछ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ साउन २४ गते मंगलबार ९ अगष्ट २०२२ । श्रावण शुक्लपक्ष द्वादशी । गुँलाध्व ११४२ । सूर्योदय: ५:३१, सूर्यास्त: ६:४५ मा हुनेछ । विश्व मुलबासी दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : परिवारमा हर्ष | **तुला** | : मानसिक चिन्ता |
| **वृष** | : व्यवसाय फस्टाउने | **वृश्चिक** | : कार्यान्तरणको योग |
| **मिथुन** | : नैराश्यता | **धनु** | : व्यर्थ भ्रमण |
| **कर्कट** | : परिश्रमबाट सफलता | **मकर** | : मान प्रतिष्ठा वृद्धि |
| **सिंह** | : सम्पत्तिसम्बन्धी विवाद | **कुम्भ** | : धनहानि |
| **कन्या** | : मित्रबाट विरोध | **मीन** | : हर्ष थपिने |

# हराउँदैछ नुनसँग जोडिएको हिमाली कथा

✍ वासुदेव पौडेल

पहिलेपहिले नेपालका सबै पहाडी र हिमाली भेगका बासिन्दा नुन किन्न भोट या नेपालपट्टिका तिब्बती बजारसम्म पुग्थे । तामाकोसी, अरुण, त्रिशूली, भोटेकोसी, मर्स्याङ्दी, कालीगण्डकी र कर्णालीका उपल्लोतटीय किनार नुन व्यापारका मुख्य मार्ग नै थियो ।

वर्षा रोकिएपछि ती भेगका बासिन्दा भदौरे महिनामा तिब्बत गएर नुन र अरू सामग्री भेडा, च्याङ्ग्रा या घोडालाई बोकाएर ल्याउने, महिनौं लगाएर हिउँदमा त्यो सामान बिक्री गर्न तराई र भारतीय सीमासम्म पुग्ने गर्दथे । गर्मी लाग्दै गर्दा तराईको अन्नपात बोकाएर पहाड, हिमाल फर्कने हिमालय सीमापार व्यापार गर्ने समुदायको नियमित कारोबार संस्कृति नै बनेको पृथ्वीनारायण क्याम्पस पोखरामा प्राध्यापनरत रामचन्द्र बरालको 'नुन व्यापार मार्गसँग जोडिएका कालीगण्डकी भोट बेंसी सम्बन्धहरू' शीर्षकको अनुसन्धानमा भनिएको छ ।

अन्यत्रको नुन व्यापारमा हिमाली खम्पा जातिको सक्रियता भए पनि कालीगण्डकी करिडोरको नुन व्यापारमा थकाली जातिको सक्रियता देखिएको बताउँदै बरालले तत्कालीन नुन अर्थतन्त्रमा आधारित भोट र पहाड बीचको सम्पर्क दूत थकाली जाति नै रहेको उल्लेख गर्नुभयो । 'नुन लिन भोट' भन्ने प्राचीन उखान मात्र नभएर बास्तविकता नै थियो । तर पछिल्ला पुस्ताका लागि भने यो उखान एकादेशको कथा जस्तै बनेको छ । करिब दुई दशकअघिसम्म प्रशोधित आयोनुनको प्रयोग नभएका अवस्थामा नेपालमा विशेषगरी हिमाली भूभाग र चीनबाट नुन आयात हुने गर्दथ्यो ।

यातायातको पहुँच नभएका कारण नुन लिन हप्तौं हिँडेर ल्याउनुपर्ने तत्कालीन बाध्यता अहिलेका पुस्तालाई भने एकादेशको कथाजस्तै बनेको कास्की भरतपोखरीका ९० वर्षीय तीलकराम पौडेल बताउनुहुन्छ । उहाँलाई सुरुसुरुमा मुस्ताङको लेतेसम्म पुगेर नुन ल्याएको अनुभव अझै पनि ताजै छ । ढिके नुनका रूपमा चिनिने हिमाली भेगमा पाइने नुन साल्टट्रेडिङ कर्पोरेशनले आयोनुन बजारमा ल्याएसँगै छायाँमा परेको हो । हिमालपारिको जिल्ला मुस्ताङको छुसाङस्थित तेताङमा रहेको नुन खानी पछिल्ला वर्ष बन्द भएको छ ।

तीनताका नुन खानीकै कारण यहाँका धेरैले रोजगारीसमेत पाएका थिए । खानी बन्द भएसँगै रोजगारी त हटेको छ नै पैसा तिरेर महँगोमा नुन खानुपरेको स्थानीयवासीको गुनासो पनि छ । प्राचीन समयमा मुस्ताङको ढिके नुन देशका अधिकांश भागमा पुग्दथ्यो । बजारमा नुनको माग पूरा गर्न स्थानीयवासीलाई धौधौ थियो । नुन बेचेरै यहाँका स्थानीयवासीको जीविका चलेको थियो । पछिल्लो दशकमा नुन खानीको संरक्षणको साटो आयोडिन नभएको नुन खाए गलगाँड आउँछ भनेर प्रचार गरिएको र केवल गाईभैंसीलाई मात्र खुवाउन थालिएपछि यहाँको नुनसँग जोडिएको मौलिकता नै ओझेलमा पारिएको स्थानीयवासीको दुखेसो छ ।

तत्कालीन समयमा कास्की, स्याङ्जालगायत आसपासका बासिन्दाले चामलसँग नुन साटेर लैजान्थे । अनुसन्धाता बरालका अनुसार तत्कालीन समयमा गण्डकी क्षेत्रका टुकुचे, दाना तातोपानी, तिप्ल्याङ, बीरेठाँटी मुख्य नुन व्यापार केन्द्रका रुपमा स्थापित बनेका थिए । टुकुचे यहाँको पुरानो भन्सार क्षेत्र हो । भोटका नुन व्यापारीले भण्डारण गर्ने र तल्लो पहाडकाले नुन खरिद गर्ने केन्द्र बजारका रुपमा यसले आफ्नो स्थान ओगटेको थियो ।

तत्कालीन थकाली सुब्बाको नुन ठेकेदारीमा पहुँच घटेसँगै भन्सार दानामा सरेपछि टुकुचेको नुन बजार सुस्ताएको बराल बताउनुहुन्छ । टुकुचेबाट सरेको नुन बजारको केन्द्र दाना तातोपानी हुँदै क्रमश: भुरुङ तातोपानीतर्फ सरेको उहाँले बताउनुभयो ।

विशेषत: ढाक्रेहरू र अन्य बटुवा तातेपानी कुण्डमा डुबेर भोटको चिसो फाल्ने मनसायले कुण्ड नजीकैका भट्टीमा बस्ने क्रमसँगै दानापछिको नुन बजार केन्द्रका रुपमा तातोपानी स्थान ओगटेको थियो । कास्की वीरेठाँटी आउने ढाक्रे र पश्चिम बेनी तथा कार्कीनेटा जाने ढाक्रेको सामूहिक जमघट हुने र छुट्टिने स्थान यहीँ भएकाले तुलनात्मकरुपमा यहाँ बढी चहलपहल हुने गर्दथ्यो ।

नुन व्यापारकै अर्को केन्द्रका रुपमा रहेको तिप्ल्याङ मुस्ताङ प्रवेशका लागि कठिन भिरमुनिको बस्तीका रुपमा परिचित छ । बाह्रगाउँ सेरिवका स्थानीयले आफूले स्थानीय खानीबाट किने, पाएको नुन र भोटका व्यापारीसँग साटेको नुनलाई चामल र अन्य खाद्यान्न तथा लत्ताकपडाका लागि विनिमय गर्न टुकुचे आउन नसकेका ढाक्रेलाई बढी मोलमा नुन बेच्न पाइने आशामा तिप्ल्याङसम्म ल्याएर बेच्ने गर्दथे । यसो गर्दा भन्सारको समस्या नपर्ने र डरलाग्दो भिरको बाटो हिँड्न नपर्ने भन्दै ढाक्रेलाई केही बढी मूल्यमा नुन चामल साटिन्थ्यो । तिप्ल्याङ बजारमा प्राय: बेनीतर्फको कालीगण्डकी तटीय पदमार्गका ढाक्रेको जमघट हुन्थ्यो । भारी बोक्नसक्ने आँट भएका र अझ सस्तोमा नुन ल्याउने नाइकेको साथ पाएका ढाक्रे भने अझ उपल्लो बस्तीतिर लम्कँदै टुकुचै नै आउथे ।

बरालका अनुसार नुन बजारको केन्द्रका रुपमा रहेको वीरेठाँटी तत्कालीन समयको ढाक्रे विश्राम बजारका रुपमा परिचित थियो । भोट जाँदा उल्लेरीको उकालो चढ्नु पहिले बास बस्ने थलो र नुन बोकी ल्याउँदा चन्द्रकोट लुम्लेको उकालो चढ्नुपर्ने तयारीका लागि विश्राम गर्ने थलोका रुपमा रहेका कारण यो आवतजावत गर्दा बास बस्ने गन्तव्यका रुपमा विकास भएको थियो । दुई दशकअघिसम्म मुस्ताङका स्थानीयवासीले त्यहाँको स्थानीय नुन नै प्रयोग गरे पनि पछिल्ला समयमा उत्पादन नै रोकिएपछि प्रशोधित नुन नै खाने गरेका छन् । मुस्ताङको नुन खानी रहेको तेताङका स्थानीयवासीले उक्त खानीबाट अझै पनि नुनको पानी ल्याएर खाने गरेको प्रतिनिधिसभा सदस्य प्रेमप्रसाद तुलाचनले जानकारी दिनुभयो ।

नुनखानी हिमाली मौलिकतासमेत भएको र यसलाई जोगाउनका लागि मुस्ताङस्थित तेताङको नुनखानी सञ्चालनमा ल्याउन सरकारले प्रयास गरेपनि त्यो सार्थक हुन सकेको छैन । सांसद तुलाचनका अनुसार अघिल्लो वर्ष नुन खानी सञ्चालनका लागि बोलपत्र आह्वान भए पनि कसैको पनि निवेदन परेन ।

विसं २०६० अघिसम्म स्थानीय शङ्करमान शेरचनले तेताङको नुन खानीबाट नुन निकाल्नु भएको भए पनि त्यसपछि भने उक्त नुन खानी बन्द रहेको छ । तत्कालीन समयमा शेरचनले वार्षिक ५० देखि ६० मुरीसम्म नुन उक्त खानीबाट निकाल्नुहुन्थ्यो । "उत्पादनको अवस्थासँगै खानी सञ्चालनका लागि लाइसेन्स आदि प्रकृयाका कारण पनि टेण्डर हुँदा पनि निवेदन पर्न सकेनन्", उहाँले भन्नुभयो, "यस क्षेत्रको प्राचीन मौलकता कायम राख्नका लागि नुन खानी सञ्चालनको जमर्को गरेका हौं ।"

मुस्ताङमा आउने पर्यटकलाई नुन खानीसम्म पुऱ्याउने र यहाँको कोसेलीका रूपमा किनेर लैजानसक्ने व्यवस्थाका लागि पनि सरकारले त्यसको सञ्चालनको सोच बढाएको हो । त्यसका लागि खानी तथा भूगर्भ विभाग र सम्बद्ध निकायका प्रतिनिधिसहितको प्राविधिक टोलीले नुनखानीको अध्ययन गर्दै उत्पादनका लागि आवश्यक प्रक्रिया बढाउन प्रतिवेदन बुझाएको थियो । सडकमार्गको पहुँच र नुन खानी रहेको पहाडबाट बग्ने नुनिलो पानीलाई पाइपलाइनमार्फत सहज ठाउँमा ल्याएर उत्पादन गर्न सकिने सो प्रतिवेदनमा सुझाव दिइएको थियो ।

मुस्ताङको छुक्सङस्थित तेताङमा नुनखानीको पहाडै छ । मुस्ताङको नुन खानीबाट निकालिएको नुन चोखो हुने धार्मिक जनविश्वाससमेत छ । कुनै शुभसाइत वा जललाई चोखो बनाउन यहाँका नुन प्रयोग गर्ने गरिएको र वास्तुशास्त्रीय हिसाबले पनि यसको विशेष महत्व मानिने भएकाले घरको जगसाइतमा मुस्ताङी नुनको प्रयोग गर्ने प्रचलन छ ।

तत्कालीन समयमा नुनकै लागि प्रख्यात मुस्ताङमा अहिले भने पोखराबाट प्रशोधित नुन जाने गरेको छ । पोखरास्थित साल्टट्रेडिङ कर्पोरेशन लिमिटेड गण्डकी प्रदेश कार्यालयबाट वार्षिक ८०० क्विन्टल नुन मुस्ताङका लागि जाने गरेको सो कार्यालयका प्रमुख वासुदेव उपाध्यायले जानकारी दिनुभयो । मुस्ताङको लागि साल्ट ट्रेडिङ कर्पोरेशनले बजारमा ल्याएको प्रशोधित भानु नामको नुन पठाउने गरेको छ । पछिल्ला समयमा चीनले सिल्क रोडका माध्यमबाट महादेशीय मुलुकलाई जोड्ने अन्तर्राष्ट्रिय व्यापारिक मार्गको पुरानो पहिचानलाई आधुनिक मार्गको जालोमा जोडने गरी रेशम मार्गको योजना अगाडि सारेका अवस्थामा यससँग जोडिएको नुन मार्ग पनि यतिखेर चासो र चर्चामा छ ।

पुरातत्व विभागले मुस्ताङको कोरला नाकाबाट कालीगण्डकी कोरिडोर हुँदै भएको प्राचीन नुन व्यापार मार्गमा उत्तर र दक्षिणका छिमेकीबीचको रेशम मार्गसँगको सम्बन्धबारे प्रमाण जुटाउन छलफल एवं अन्तर्क्रिया पनि थालेको छ । रेशम मार्गसँग नेपालको संलग्नतामा भोट-मधेसको नुन व्यापार मार्गका रूपमा परिचित लोमन्थाङ-लुम्बिनीसम्मको प्राचीन मार्गलाई पहिचान गरी यस मार्गमा पर्ने बस्ती, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको सुक्ष्म अध्ययन अन्वेषण थालेसँगै यसले महत्व पाएको हो ।

विगतमा भोटमा निर्भर भएको नुनको आपूर्ति स्रोत मुस्ताङी मार्गबाट हुने नुन तथा ऊनको व्यापार चक्र रोकिएसँगै दक्षिणका सामुन्द्रिक नुनमा भर पर्न प्रेरित बनेको देखिन्छ । नुनका लागि भोट जाने ढाक्रेहरुले भदौमा भोटतिर जाँदा उनीहरू बाटामा जडीबुटी संकलन गर्दै जाने र बिक्री गरी त्यही पैसाले किनमेल गर्दा आर्थिक गतिविधि चलायमान बनेको थियो ।

तत्कालीन समयमा तिब्बतसँग जोडिएका विभिन्न क्षेत्रबाट नुन र ऊनको व्यापारका लागि विभिन्न मार्ग निर्माण भएको बताउँदै अनुसन्धाता बरालले यीमध्ये मुस्ताङ, रसुवाको केरुङ, उपल्लो डोल्पा र हुम्लाको लिमी उपत्यका प्रमुख रहेको बताउनुहुन्छ । यी क्षेत्रमा बसोबास गर्ने मानिस पहाडी र तराई क्षेत्रको अन्न भोटसम्म र भोटको नुन र उन नेपालका पहाडी र तराई क्षेत्रसम्म पुऱ्याउने उहाँले जानकारी दिनुभयो ।

नुन मार्गका ढाक्रेहरुलाई सुस्ताउने चौतारी, विश्राम गर्ने पाटी-पौवा, खोला तर्ने काठे साँघु निर्माण गर्ने र पानी खाने धारो बनाएर कृति राख्ने प्रचलन त्यसै समयदेखि सुरु भएको थियो । भोटबाट आयात हुने ढिके नुन र हिमाली क्षेत्रका नुन खानीबाट उत्पादित नुनले नेपालको नुन बजारको माग धानेकामा पछिल्ला समयमा देश पूर्णरुपमा नुनमा परनिर्भर बनेको छ ।

गलगाँडको प्रभाव आदिलाई देखाएर आयोडिन युक्त नुन प्रयोगका नाममा हाम्रो भोटसँगको साल्ट रोड तहसनहस पार्नुका साथै हिमाली जनजीवन, त्यससँग जोडिएका कथा र त्यहाँको अर्थतन्त्रलाई समेत परनिर्भर बनाइएको बरालको भनाइ छ । *-रासस*

# गैरदलीय उम्मेदवारले जित्ने तीन आधार



✍ मिलन मनुवा दाहाल

नेपाल सरकारले आगामी मंसिर ४ गते प्रतिनिधिसभा र प्रदेश सभाको निर्वाचन गर्ने घोषणा गरेको छ । चुनाव आवधिक प्रक्रिया हो । त्यसकारण, हरेक पाँच वर्षमा चुनाव आउनु नयाँ कुरा होइन । तर, आमनिर्वाचन २०७९ को फरक परिदृश्य देखा पर्दैछ, गैरदलीय उम्मेदवारहरूको कारणले । गत स्थानीय चुनावमा स्वतन्त्र उम्मेदवारहरूको सफलताले आगामी चुनावमा धेरै जना स्वतन्त्र उम्मेदवार खडा हुन हौसिएका छन् । स्वतन्त्र भनिए तापनि चुनावमा उत्रिएको कुनै व्यक्तिको पछाडि उसका समर्थकहरूको दलबल हुन्छ । ऊ आफैं सामाजिक बन्धनमा बाँधिएको हुन्छ । त्यसैले स्वतन्त्र भन्नु भन्दा गैरदलीय उम्मेदवार भन्नु उपयुक्त हुनेछ । त्यसो त, स्वतन्त्रको लोकप्रियतालाई हतारमा छोप्ने दाउमा स्वतन्त्र नामधारी नयाँ पार्टी नै दर्ता भएको छ । जेहोस् यी आफूलाई स्वतन्त्र दाबी गर्ने गैरदलीय उम्मेदवारहरूले आमनिर्वाचन २०७९ मा जित्न सक्ने तीन बलिया आधार छन् ।

### १. नयाँ पुस्ताको उदय

नेपालमा युवा जनसंख्याको बाहुल्य छ । मतदान गर्ने १८ वर्ष उमेर पुगेका, ३५ वर्ष ननाघेका जनसंख्या करिब एक तिहाइ छ । यस उमेर समूहलाई बालेन पुस्ता भन्न सकिन्छ । यो पुस्ता करिब करिब २०४६ सालको आन्दोलनपछि जन्मियो । यो पुस्ताले मदन भण्डारी, मनमोहन अधिकारी देखेन । यो पुस्ताले गणेशमान सिंह, कृष्णप्रसाद भट्टराईलाई पनि चिन्दैन ।

कम्युनिस्ट, कांग्रेसको पंचायतकालीन राजनीतिक संघर्ष र त्याग तपस्या यो पुस्ताको लागि एकादेशको कथा हो । दशवर्षे माओवादी द्वन्द्वकालमा यो पुस्ता बालकै थियो भने, २०६३ सालको आन्दोलन पनि राम्ररी अनुभव गर्न पाएन । यो पुस्ताको केही हिस्साले २०६५ सालमा पहिलो संविधानसभाको चुनावमा पहिलो पटक भोट हाल्यो भने, ठूलो हिस्साले गत स्थानीय चुनावमा भोट हाल्यो ।

नयाँ पुस्ताले नेपाली राजनीतिमा जे-जति देख्यो, भोग्यो र बुझ्यो, राम्रा कुरा कम छन् भने नराम्रा कुरा ज्यादा छन् । बेथिति र बेरोजगारीबाट नयाँ पुस्ता यति आक्रान्त छ कि यो देशमा बसेर भविष्य नै देख्दैन । अधिकांश युवा अध्ययन र रोजगारीको लागि विदेशिन बाध्य छ । नेपालको इतिहासमा पहिलो पटक यति ठूलो संख्यामा नेपाली विदेश पलायन भइरहेका छन् । यो रोकिने छाँट पनि छैन । यसको दोष शासन चलाउने नेताहरूप्रति जान्छ ।

पंचायतको पतन पश्चात् बहुदलीय व्यवस्थामा र राजतन्त्र उन्मूलन पछि गणतान्त्रिक व्यवस्थामा जनअपेक्षा अनुसार राजनीतिक दलहरूले काम गरेनन् । यही अवधिमा हुर्केबढेको नयाँ पुस्ता शिक्षित र ऊर्जावान त छ, तर देशको भविष्यप्रति घोर निराशा र राजनीतिप्रति चरम वितृष्णामा डुबेका छन् । त्यसैले चुनावलाई राजनीतिक दलका नेताहरूसँग बदला लिने सही अवसर ठानेका छन् । तर, विकल्प पाएका छैनन् । त्यसैले नयाँ अनुहारका गैरदलीय उम्मेदवारप्रति नयाँ पुस्ताको आकर्षण छ । पार्टीको बिल्ला नभिर्दै, झण्डा नबोक्दै वा सभा सम्मेलनमा सहभागी नहुँदै कुनै व्यक्ति अराजनीतिक हुँदैन । सूचनाको सहज पहुँचले राजनीतिक दल र तिनका नेता, कार्यकर्ताको गतिविधि आमजनताले निरन्तर अनुगमन गर्नसक्ने भएका छन् । त्यसैले नयाँ पुस्ता गैरदलीय हो, तर अराजनीतिक होइन । सामान्य राजनीतिक चेत राख्न मार्क्सवाद वा कुनै वादको ठेली नै पढ्नुपर्छ भन्ने छैन ।

नयाँ पुस्ता राजनीतिक चेत भएको तर गैरदलीय छ । नयाँ पुस्ताको भोट दललाई नहेरी स्वच्छ छविका क्षमतावान उम्मेदवारलाई जाने पक्का छ । तसर्थ, स्वतन्त्र अर्थात् गैरदलीय उम्मेदवारले आफूलाई स्वच्छ छविको क्षमतावान व्यक्तिको रूपमा प्रस्तुत गर्न सके नयाँ पुस्ताको भोट पाउन सक्छ । जुन कुल मतदाताको करिब एक तिहाइ छ ।

### २. नेपाल बाहिरका नेपाली

नेपाल बाहिर नेपालीको ठूलो संख्या छ । रोजगारी, अध्ययन वा अन्य कारणले विदेशमा रहेका नेपाली नागरिक मतदानबाट वञ्चित रहँदै आएका छन् । नेपाल बाहिरका नेपालीलाई नेपालको अवस्था देखेर असह्य पीडा हुने गर्छ । नेपालमा अब यस्तो कुनै मान्छे रहेन, जसको परिवारको सदस्य, नातेदार वा साथीभाइमध्ये कोही न कोही विदेशमा नहोस् । इन्टरनेटको पहुँचले विदेशमा रहेका नेपाली नेपालका आफन्तहरूसँग साँझबिहानै संवाद गरिरहेका हुन्छन् ।

जुन वर्गले नेपालमा रेमिट्यान्स पठाएर देशको अर्थतन्त्र धानिएको छ, त्यस वर्गलाई राजनीतिक दलहरूले विभिन्न संघसंस्थाको नाममा कार्यकर्ता, समर्थक बनाएर अल्मलाएर राख्दै आएको छ । राजनीतिक दलहरूप्रति आम नेपालीको वितृष्णा बढ्दै जाँदा विदेशमा रहेका नेपालीमा पनि स्वाभाविक रूपमा वितृष्णा जागेको छ । नेपाल बाहिरका नेपालीको राजनीतिक आकांक्षा हिजो दलहरूसँग जोडिनु मात्र थियो भने, आज नेपालको राजनीतिलाई प्रभावित गर्ने हैसियत राख्छन् ।

विदेशमा बस्ने नेपालीले नेपालको अवस्था र समसामयिक राजनीति बारे सामाजिक संजालमा सक्रिय रूपमा टीकाटिप्पणी गरिरहेको देख्न सकिन्छ । यसबारे समाजशास्त्रीय अध्ययन त भएको थाहा छैन, तर यत्ति भन्न सकिन्छ कि उनीहरूले नेपालस्थित आफ्ना परिवारका सदस्य, नातेदार र साथीभाइलाई प्रभावित गरी चुनावको परिणाम उलटफेर गरिदिन सक्छन् । काठमाडौं महानगरपालिकाको गत चुनावमा केही हदसम्म यो प्रवृत्ति देखापरेको छ ।

आगामी चुनावमा नयाँ अनुहारका गैरदलीय उम्मेदवार, खासगरी जो विदेशबाट फर्केका छन् वा विदेशको अवसर त्यागेर राजनीतिमा होमिएका छन्, तिनीहरूले नेपाल बाहिरका नेपालीको ध्यान तान्ने प्रबल संभावना छ । विदेशमा रहेका नेपालीको आफन्तको भोट, गैरदलीय उम्मेदवारले जित्ने अर्को आधार छ ।

### ३. वाक्कदिक्क आम सर्वसाधारण

बारम्बार सत्तामा पुगेका दलका नेता र तिनीहरूका आसेपासे बाहेक आम सर्वसाधारण नेपाली राजनीतिक दलहरूबाट वाक्कदिक्क भएका छन् । नेपाली समाजको मनोविज्ञान अनौठो छ, खासगरी सचेत शहरी क्षेत्रमा । त्यसैले कतिपय स्थानमा चुनावको अप्रत्याशित परिणाम नआउला भन्न सकिन्न ।

चुनावमा पैसाको खोलो बगाउने, तडकभडक गर्ने, मान्छे ओसारेर आमसभा गर्ने भन्दा एक्लैदुक्लै चुनाव प्रचार गर्ने गैरदलीय उम्मेदवारले आम सर्वसाधारणको मन जित्न सक्छ । पुराना पुस्ताले रूख, सूर्य, हँसियाहथौडा, हलो आदिमा भोट हाल्दै आएकोमा यसपालि नयाँको खोजी गर्न सक्छन् । आगामी चुनावमा नयाँ अनुहारले प्राथमिकता पाउने संकेत देखा परिसकेको छ । नेपालमा राजनीति हजारौं मानिसको पूर्णकालीन पेशा रहेको छ । तिनीहरूमध्ये ठूलो संख्या उम्मेदवारको आकांक्षी हुनेछन् । राजनीतिक दलका शीर्षस्थ नेताहरूलाई तिनीहरूको व्यवस्थापन गर्न सजिलो छैन ।

> नेपाली समाजको मनोविज्ञान अनौठो छ, खासगरी सचेत शहरी क्षेत्रमा । त्यसैले कतिपय स्थानमा चुनावको अप्रत्याशित परिणाम नआउला भन्न सकिन्न ।

राजनीतिक दलहरू सच्चिउन् भन्ने कामना गर्दागर्दै पनि उम्मेदवार छनोटमा चुक्न सक्छन् । तिनीहरूले चाहेर पनि नयाँ अनुहारले मौका नपाउन सक्छन् । यस्तो स्थितिमा गैरदलीय उम्मेदवार, वाक्कदिक्क भएका मतदाताहरूको लागि विकल्प बन्न सक्छन् । त्यसैले गैरदलीय उम्मेदवारले दलका पुराना मतदाताहरूको ठूलो तप्काबाट भोट प्राप्त गर्न सक्छन् ।

अन्त्यमा, प्रमुख राजनीतिक दलका शीर्षस्थ नेताहरू अधिकांश सत्तरी वर्ष कटेकाले सत्ता संचालनमा युवालाई पालो दिनुपर्ने चर्को आवाज उठेको छ । युवा उमेर तुलनात्मक हिसाबले सहज अवस्था त हो, तर उमेर मात्र सबै थोक होइन । नयाँ अनुहार गैरदलीय हुँदैमा असल, योग्य र क्षमतावान हुन्छ भन्ने छैन । अहिले राजनीतिक दलहरूको विगतको विफलताले गैरदलीय उम्मेदवारको पक्षमा माहोल सिर्जना भएको छ ।

तर, गैरदलीय उम्मेदवार आफैंमा कत्तिको क्षमतावान छ, आफ्ना कुराहरू कसरी आम जनतासमक्ष राख्छ र मतदातालाई विश्वस्त तुल्याउन सक्छ भन्ने कुराले जित-हारको तय गर्नेछ । मिडियाको प्रयोग, खासगरी रेडियो, टेलिभिजन र सामाजिक संजालको प्रभावकारी उपयोग गरेर गैरदलीय उम्मेदवारले मतदाता आकर्षित गर्न सक्छ । निर्वाचन क्षेत्रमा दलीय सांगठनिक आधार र कार्यकर्ताको लर्को विना पनि, गैरदलीय उम्मेदवारलाई मतदातासमक्ष मिडियाको माध्यमबाट पुग्ने सुविधा छ । यसप्रकार माथि उल्लिखित तीन वर्गलाई लक्षित गरी मिडियाको अधिकतम उपयोगबाट क्षमतावान गैरदलीय उम्मेदवारले आगामी निर्वाचनमा जित्ने प्रचुर संभावना छ । -साभार: अनलाइनखबर

# आगामी आमनिर्वाचनका लागि दल दर्ता सुरु




काठमाडौँ, २२ साउन (रासस)/ निर्वाचन आयोगले आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनका लागि आइतबारदेखि दल दर्ता सुरुआत गर्ने तयारी भएको हो ।

आयोगले प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्यको प्रत्यक्ष र समानुपातिक निर्वाचन प्रणाली तर्फको निर्वाचनमा भाग लिन आयोगमा यही साउन १९ गतेसम्म दर्ता कायम रहेका राजनीतिक दललाई साउन २२ देखि ३१ गतेसम्म दल दर्ताका लागि निवेदन दिन सूचित गरेको हो ।

निवेदन दिँदा दलसम्बन्धी विवरण, दलको केन्द्रीय कार्यकारिणी समिति, प्रदेश र जिल्ला समितिका पदाधिकारी तथा सदस्यको संख्या, आयोगमा दलले वार्षिक लेखापरीक्षण प्रतिवेदन पेस गरेको मितिलगायत विवरण खुलाउनुपर्ने छ ।

यसैगरी दलको केन्द्रीयस्तर र प्रदेशस्तरको कार्यकारिणी समितिको पछिल्लो निर्वाचन भएको मिति, राजनीतिक दलको संगठनात्मक स्वरुप केन्द्रीयस्तर र प्रदेशस्तरको छ/छैन, त्यसको जानकारी खुलाउनुपर्ने आयोगले जनाएको छ । दल दर्ताका लागि प्रतिनिधिसभा सदस्यका लागि अनुसूची-१२ बमोजिम र प्रदेशसभा सदस्यको हकमा प्रदेशगत रूपमा सातवटा प्रदेशका लागि छुट्टाछुट्टै अनुसूची-१२ बमोजिमको निवेदन पेस गर्नुपर्नेछ ।

राजनीतिक दलसम्बन्धी ऐनबमोजिम दुई वा दुईभन्दा बढी दलले एकल चुनाव चिह्न लिई निर्वाचनमा भाग लिने प्रयोजनका लागि दल दर्ताको निवेदन दिँदा राजनीतिक दलसम्बन्धी नियमावली बमोजिमको ढाँचामा निवेदन दिनुपर्ने आयोगले आइतबार जारी गरेको सूचनामा उल्लेख छ । दल दर्ताका लागि प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्य निर्वाचन प्रयोजनका लागि दल दर्ता गर्न केन्द्रीय समितिबाट भएको निर्णयको प्रतिलिपि, दलको विधान, नियमावली तथा घोषणापत्र, आर्थिक वर्ष २०७७/७८ को वार्षिक लेखा परीक्षण प्रतिवेदन लगायतका आवश्यक कागजात पेस गर्नुपर्नेछ र आयोगमा दल दर्ताको निवेदन दलको प्रमुख पदाधिकारीले दस्तखत गरी पेस गर्नुपर्नेछ ।

यसैगरी उम्मेदवारलाई दलको औपचारिक पत्र प्रदान गर्ने गरी पदाधिकारी तोकिएको केन्द्रीय समितिको निर्णयसहित तोकिएको ढाँचामा तोकिएको पदाधिकारीको नाम पर, पद र सम्पर्क नम्बर सहितको दस्तखत नमूना पेस गर्नुपर्नेछ । दल दर्ताका लागि निवेदन पेस गर्दा संविधानबमोजिम राजनीतिक दलको विधान र नियमावली लोकतान्त्रिक हुनुपर्ने, राजनीतिक दलको विधानबमोजिम कम्तीमा पाँच वर्षमा एकपटक सो दलको संघीय र प्रदेश तहका प्रत्येक पदाधिकारीको निर्वाचन भएको हुनुपर्ने, दलको विभिन्न तहका कार्यकारिणी समितिमा नेपालको विविधतालाई प्रतिबिम्बित गर्ने गरी समावेशी प्रतिनिधित्वको व्यवस्था गरिएको हुनुपर्ने आयोगले जनाएको छ ।

# एक हप्तामा १७ हजार सवारी चालक कारबाहीमा

काठमाडौँ, २२ साउन (रासस)/ ट्राफिक प्रहरीले काठमाडौँ उपत्यकामा एक हप्तामा १७ हजार चारसय ९३ सवारी चालकलाई कारबाही गरेको छ । ट्राफिक नियम उल्लङ्घन गरेका कारण उनीहरुलाई काठमाडौँ उपत्यका ट्राफिक तथा त्यस मातहतका कार्यालयले कारबाही गरेको हो ।

काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयको तथ्याङ्क अनुसार सबैभन्दा बढी कारबाहीमा मादक पदार्थ सेवन गरी सवारी चालक छन् । यही साउन १५ देखि २१ गतेसम्ममा मादकपदार्थ सेवन गरी सवारी चलाउनेको संख्या एक हजार ७४ छ । ट्राफिक प्रहरी कार्यालयले कारबाहीमा पर्ने सवारी चालकको वर्गीकरण गर्दै सूची बनाउने गरेको छ ।

मापसे गरी सवारी साधन चलाउने एक हजार ७४, लेन मिच्ने छ सय ५९, रेड लाइटमा सवारी चलाउने पाँचसय ७४, जथाभावी रुपमा नम्बर प्लेट बनाउने दुईसय ४२ र अन्य गरी १४ हजार नौसय ४४ चालकलाई कारबाही गरिएको काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयले जनाएको छ ।

तथ्याङ्क अनुसार शुक्रबार मादकपदार्थ सेवन गरी सवारी साधन चलाउनेको संख्या सबैभन्दा बढी छ भने सोमबार सबैभन्दा कम छ । शुक्रबार मादकपदार्थ सेवन गरी सवारी चलाउने २३२ तथा सोमबार ११५ चालक रहेका छन् ।

# कृषि पढ्दै, व्यवसाय गर्दै



तुलसीपुर, २२ साउन (रासस)/ एकातिर पढाइ भइरहेको हुन्छ, अर्कोतिर उम्रिँदै गरेका सयपत्रीका बोटहरू ।

यसरी सयपत्रीका बोटहरू वृद्धि हुँदै जान्छन्, विद्यार्थीको ज्ञान नि त्यसरी नै बढ्दै गएको अनुभूति गर्छन्, विद्यार्थीहरू । किनकि किताबी ज्ञानले मात्रै पुग्दैन्, त्यो ज्ञान प्रयोगात्मक रूपमा पनि आउनुपर्छ भन्ने मान्यतालाई आत्मसात् विद्यार्थीहरू किताब मात्रै होइन, प्रयोगात्मक पनि गर्छन् ।

त्यही प्रयोगात्मक अन्तर्गत तुलसीपुर-१२ स्थित मेट्रो कलेजका विद्यार्थीहरू पढ्दै, सिक्दै व्यवसाय गर्दै आएका छन् । कृषि र वन विज्ञानका विद्यार्थीहरू सिजनअनुसार व्यावसायिक रूपमा सयपत्री फूल खेती सुरु गरेका छन् । "हामी किताबी ज्ञानमा मात्रै नभएर व्यवहारिक शिक्षामा पनि जोड दिने गरेका छौँ", कृषि दोस्रो वर्षमा अध्ययनरत विद्यार्थी सन्दीप मल्लले भने, "त्यसैले हामीले विगतदेखि नै पढाइसँगसँगै व्यावसायिक रूपमा विभिन्न खेतीमा पनि जोडिने गरेका छौँ ।" कृषि विषय बढी प्रयोगात्मक जोडिने भन्दै यसलाई ध्यानमा राखेर अध्ययनलाई अघि बढाएको उनको भनाइ छ ।

पढ्ने मात्रै नभएर पढ्ने-कमाउने गर्दा आफूहरूलाई झनै सहज हुन थालेको विद्यार्थी प्रतीक्षा डाँगीले बताए । "पढाइ पनि हुने, ज्ञान पनि आर्जन हुने र कमाई पनि हुने भएपछि हामी खुसी छौँ", उनले भने ।

सैद्धान्तिक मात्रै नभएर व्यावहारिक शिक्षा नै अहिलेको अपरिहार्यता भएको भन्दै त्यसै अनुरुप शिक्षण गराउने गरेको कृषि विषयका शिक्षक घनश्यम केसीले बताए । उनका अनुसार आफूहरूले बाटो देखाउने र विद्यार्थीहरूलाई त्यही आधारमा व्यावसायिक खेती गर्ने गरेका छन् ।

यसअघि टमाटर खेती गरेको विद्यार्थीहरूले अहिले व्यावसायिक रूपमा पुष्प खेती सुरु गरेका छन् । कलेजको करिब तीन कट्ठा जग्गामा गौरव ५५५ जातको सयपत्री खेती गरिएको छ ।

समय सान्दर्भिक पनि भएको र व्यावसायिक रूपमा पनि आम्दानी गर्न सकिने भएपछि अहिले सयपत्री खेती गरेको उनले बताए । "हामीले विद्यार्थीहरूलाई शिक्षण गर्ने क्रममा सहज र आवश्यकता सयपत्री खेती देख्यौँ", उनले भने, "त्यसैलाई आधार बनाएर हामीले अहिले सयपत्री खेती गरेका हौँ ।" सयपत्रीसँगै केही मखमली फूलहरू पनि रोपिएका छन् ।

सयपत्रीलाई बजारीकरण पनि विद्यार्थीहरूले नै गर्नेछन् । फूल मात्रै बेच्ने वा माला बनाएर बेच्ने भन्ने कुरा ग्रहाकको मागअनुसार हुने समेत उनले बताए । अहिले दुई हजार बिरुवा लगाइएको छ ।

तुलसीपुर उपमहानगर पालिकाले सञ्चालनमा ल्याएको उक्त कलेजमा अहिले विभिन्न पाँच कार्यक्रम सञ्चालित छन् । कलेज प्रमुख वसन्त आचार्यका अनुसार डिप्लोमा तहको मेकानिकल इन्जिनियरिङ, इलेक्ट्रिकल एन्ड इलेक्ट्रोनिक्स इन्जिनियरिङ, फुड एन्ड डेरी टेक्नोलोजी, फरेष्ट्री र प्लान्ट साइन्सको पढाइ भइरहेको छ । त्यस्तै प्री डिपेमामा आइटी विषय पढाइ रहेको उनले बताए । अहिले जिल्ला बाहिरबाट पनि विद्यार्थी आउने गरेका छन् ।

निम्न वर्गका लक्षित गरेर सञ्चालनमा आएको मेट्रो कलेजले प्राविधिक शिक्षामा पहुँच स्थापित गर्नका लागि विभिन्न छात्रवृत्तिसमेत प्रदान गर्दै आएको छ । हरेक ३ वर्षमा एक लाख ५० हजार शुल्क रहे पनि तुलसीपुर भन्दा बाहिरका लागि एक लाख २५ हजार लिने गरिएको छ ।

त्यस्तै तुलसीपुर भित्रका लागि एक लाख, उपमहानगर पालिका भित्रका सामुदायिक विद्यालयबाट एसइई गरेका छात्रालाई नि:शुल्कसमेत पढाउने व्यवस्था रहेको छ । यस्ता करिब एक सयजना विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिसकिएको छ ।

# अख्तियारमा उजुरी गर्ने क्रम बढ्यो




काठमाडौँ, २२ साउन (रासस)/ अख्तियार दुरुपयोग अनुसन्धान आयोगको केन्द्रीय कार्यालयमा उजुरी पर्ने क्रम बढ्दै गएको छ । आयोगमा चालु आर्थिक वर्षको साउन २० गतेसम्ममा एक हजार ४३२ उजुरी परेका छन् ।

आयोगका प्रवक्ता श्यामप्रसाद भण्डारीका अनुसार लिखित उजुरी ५५७, हुलाकमार्फत २७२, इमेलमार्फत २५३, वेभसाइटमार्फत १९३, टेलिफोनमार्फत ८४, समाचार मार्फत ३६, फेसबुकमार्फत १०, भाइबरमार्फत २ र अन्य गरी २५ उजुरी परेका छन् ।

यसैगरी आयोगको कञ्चनपुरस्थित कार्यालयमा ९५, पोखरामा ७०, बुटवलमा ६७, नेपालगञ्जमा ४१, बर्दिबासमा ९२, सुर्खेतमा ९४, हेटौंडामा ८५, इटहरीमा ९४ र आयोगकोमुख्य कार्यालय टङ्गालमा ७९४ उजुरी परेको थियो ।

आयोगले चालु आर्थिक वर्षको २० दिनमा घुस मागेको आरोपमा तीन जनालाई पक्राउ गरेको थियो । पक्राउ पर्नेमा एक उप-सचिव र दुई अधिकृत छन् ।

यही साउन १ देखि साउन २० गतेसम्ममा अख्तियार दुरुपयोग अनुसन्धान अयोगको कार्यालय, टङ्गाल तथा त्यस मातहतका कार्यालयबाट खटिएको टोलीले उनीहरुलाई पक्राउ गरेको हो । साउन १८ गते आन्तरिक राजस्व कार्यालय, महाराजगन्जमा कार्यरत कम्प्युटर अधिकृत विन्दु श्रेष्ठ प्रधानलाई आयोगको टोलीले घुससिहत पक्राउ गरेको हो । प्रधानले कम्प्युटर बिलिङको सफ्टवयर स्वीकृतिका लागि सेवाग्राहीसँग तीस हजार घुस मागेको उजुरी परेपछि आयोग टोलीले रकमसहित उनलाई पक्राउ गरेको आयोगका प्रवक्ता श्यामप्रसाद भण्डारीले जानकारी दिए ।

यस्तै साउन १८ गते सेवाग्राहीबाट घुसबापत लिएको ६ लाखसहित र स्रोत नखुलेको १६ लाख ५० हजारसहित संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका उपसचिव प्रमोद नेपाल पक्राउ परे । आयोगको टोलीले नेपाललाई नागपोखरीस्थित एक होटेलबाट घुसबापतको रकमसहित नियन्त्रणमा लिएको थियो । त्यससम्बन्धी अनुसन्धान अघि बढेको प्रवक्ता भण्डारीले बताए ।

त्यस्तै चालु आवकै पहिलो दिन साउन १ गते कैलालीको मोहन्याल गाउँपालिकाका अधिकृत दीपेन्द्र बुढा क्षेत्रीलाई कञ्चनपुरस्थित आयोगको टोलीले ३० हजार घुससहित पक्राउ गऱ्यो । घोडाघोडी नगरपालिका-१ स्थित नवरत्न होटेलबाट सेवाग्राहीको ३० हजार घुसबापतको रकमसहित उनी पक्राउ परेका थिए ।

सेवाग्राहीको रकम भुक्तानी दिने क्रममा ३० हजार घुस माग गरेको भन्ने उजुरीका आधारमा उनी पक्राउ परेका हुन् ।

आयोगले आव २०७८/७९ मा भ्रष्टाचार भएको भन्दै १३१ अरोपपत्र विषेश अदालतमा दायर गरेको थियो ।

सार्वजनिक निकायमा हुने भ्रष्टाचारको उजुरीको आधारमा आयोगले अनुसन्धानपछि आरोपपत्र दायर गरेको हो । चालु आर्थिक वर्षको साउन २० गते भित्रमा आयोगले छ आरोपपत्र दायर गरेको छ ।

# इञ्जिनीयरिङ क्षेत्रलाई अझै उपयोगी बनाउनुपर्छ: मन्त्री कार्की

काठमाडौँ, २२ साउन (रासस)/ सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले इञ्जिनीयरिङ क्षेत्रलाई रचनात्मक, व्यावसायिक र अझै उपयोगी बनाउनुपर्ने बताएको छ ।

लोकस, पुल्चोक क्याम्पसद्वारा आइतबार आयोजित आगामी माघमा हुने प्राविधिक प्रदर्शनी मेलाका लागि विषयवस्तु विमोचन कार्यक्रममा मन्त्री कार्कीले समृद्ध नेपाल निर्माणको निमित्त इञ्जिनीयरिङ क्षेत्रको महत्वपूर्ण भूमिका हुने बताए । उनले भने, "समाज रुपान्तरण गर्नको निमित्त इञ्जिनीयरिङ क्षेत्रको धेरै ठूलो भूमिका रहन्छ, त्यसतर्फ तपाईहरुको ध्यान केन्द्रित रहन सकोस्, तपाईहरुले चाल्ने कदमले हाम्रो समाजलाई अगाडि बढाउनसक्छ भन्ने विश्वास छ ।"

मन्त्री कार्कीले इञ्जिनीयरिङ क्षेत्रमा आवश्यक पर्दा सरकार सहयोग गर्न सदैव तयार रहने प्रतिबद्धता व्यक्त गरे । इञ्जिनीयरिङ विषय अध्ययरत विद्यार्थीले नेपाली समाज र देशको समस्या एवं आवश्यकतालाई मध्यनजर गरी रचनात्मक नवीनतामार्फत जनजीवनलाई सहज बनाउनुपर्ने उनको भनाइ छ । मन्त्री कार्कीले इञ्जिनीयरिङ क्षेत्रमा रचनात्मक कार्यलाई कसरी व्यावसायिक बनाई बजारीकरण गर्न सकिन्छ भन्नेतर्फ पनि सबैको ध्यान जानुपर्नेमा जोड दिए । लोकस, प्राविधिक महोत्सव इलेक्ट्रिकल इञ्जिनीयरिङ विभाग र इलेक्ट्रोनिक्स तथा कम्प्युटर इञ्जिनीयरिङ विभाग, आइओइ, पुल्चोक क्याम्पसका स्नातक विद्यार्थीको नेतृत्वमा रहेको शैक्षिक संस्था हो ।

प्रधानमन्त्री शेरबहादुर देउवाका सूचना, प्रविधि तथा सञ्चार विज्ञ ई दिपेश विष्टले सरकारले अघि सारेको डिजिटल नेपाल फ्रेमवर्कको योजना पूरा गर्न इञ्जिनीयरिङ क्षेत्रको महत्वपूर्ण योगदान हुने विश्वास व्यक्त गरे ।

लोकस विद्यार्थीका लागि नेपालको सबैभन्दा विज्ञान तथा प्राविधिक महोत्सव बनेको अध्यक्ष टपेन्द्र पाण्डेयले जानकारी दिए । सन् २००३ मा स्थापित लोकसको सुरुआत भएदेखि नै नेपालभरका स्कुलदेखि कलेज र विश्वविद्यालयका युवा र उत्साही विद्यार्थी वर्गका लागि प्रविधिका क्षेत्रमा आफ्नो असाधारण सीप प्रदर्शन गर्नका लागि खुला मञ्च भएको उनको भनाइ छ । यसले वार्षिकरुपमा एक राष्ट्रिय प्राविधिक महोत्सव गर्दै आएको छ ।

# सदनमा विभिन्न प्रतिवेदन पेश



काठमाडौँ, २२ साउन (रासस)/ प्रतिनिधिसभाको बैठकमा कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिका सभापति पूर्णकुमारी सुवेदीले 'पशु स्वास्थ्य तथा पशुसेवा परिषद् विधेयकसम्बन्धी समितिको प्रतिवेदन, २०७९' पेश गरेको छ ।

प्रतिवेदन पेश गर्दै सभापति सुवेदीले उक्त विधेकमाथि नौ समूहका १३ जना सांसदले प्रस्तावनासहित २४ दफामा ३९ संशोधन प्रस्ताव राखेको सुवेदीले जानकारी दिए । समितिका नौवटा बैठकमा छलफल गरी सर्वसम्मतरुपमा उक्त प्रतिवेदन तयार पारी सदनमा पेश गरिएको पनि उनले जानकारी दिए । उक्त विधेयकमाथि कार्यदल गठन गरीसमेत छलफल भएको थियो । यस्तै सदनमा प्रधानमन्त्री शेरबहादुर देउवाकातर्फबाट प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका राज्यमन्त्री उमेश श्रेष्ठले महालेखा परीक्षकको ५९औँ वार्षिक प्रतिवेदन, २०७९ पेश गरेको थियो ।

बैठकमा उपसभामुख पुष्पा भुसाल गौतमले राष्ट्रपतिको कार्यालयबाट प्राप्त विधेयक प्रमाणीकरणसम्बन्धी पत्र पढेर सुनाएको थियो । राष्ट्रपति विद्यादेवी भण्डारीले यही साउन १८ गते मदनभण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रमाणीकरण गरेको थियो ।

# छ करोड ५३ लाखको लागतमा सडक स्तरोन्नति



वीरगञ्ज, २२ साउन (रासस)/ पर्साको वीरगञ्ज महानगरपालिका-१६ मा मधेस प्रदेश सरकारको लगानीमा सडक स्तरोन्नति सुरु भएको छ । प्रदेशको सरकारको कूल छ करोड ५३ लाखको लागतमा लक्ष्मणवा, भिस्वा, नगवा, इनर्वासम्मको सडक स्तरोन्नति थालनी गरिएको हो ।

मधेस प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयअन्तर्गत वीरगञ्ज कार्यालयको रेखदेखमा आगामी २०८० साल पुस ८ गते सम्म यो सडकखण्डको निर्माण सम्पन्न हुने जनाइएको छ । उक्त सडक स्तरोन्नतिको काम शिवा कन्स्ट्रक्सन प्रालि, काठमाडौँले पाएको हो ।

वीरगञ्ज-१६ नगवादेखि साढे चार किलोमिटर लम्बाइको सडक निर्माणका लागि काम सुरु भएको छ । एक निर्वाचन क्षेत्र एक सडक कार्यक्रमअन्तर्गत सडक निमार्णको योजना अघि बढाइएको हो ।

***पालिकाबाटै अनलाइन फाराम***

सेवाग्राहीको सहजताका लागि बारा जिल्लामा पनि सम्बन्धित पालिकास्तरबाटै राष्ट्रिय परिचयपत्रको अनलाइन फाराम नि:शुल्क रूपमा भर्न सक्ने गरी व्यवस्थापन गरिएको छ । राष्ट्रिय परिचयपत्रलाई छिटोछरितो र व्यवस्थित बनाउनका लागि अनलाइन फाराम जिल्लाका सबै पालिकाबाट नि:शुल्क रूपमा भर्ने व्यवस्था मिलाइएको प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर कटुवालले जानकारी दिए ।

सो सेवा लिन सेवाग्राही सम्बन्धित पालिकाबाट परिचयपत्रका लागि अनलाइन फाराम भरेर मात्र जिल्ला प्रशासन कार्यालय वा इलाका प्रशासन कार्यालय आउनुपर्नेछ । यसो गर्दा कार्यालयमा हुने अनावश्यक भीडमा कमी आउने जनताको समय र पैसा बचत हुने जनाइएको छ ।

परिचयपत्र बनाउन जिल्लाका विभिन्न क्षेत्रबाट जनताहरूले दिनभरिको समय खर्चिएर, आर्थिक खर्च पनि गरेर दुवै जिल्लाका प्रशासन कार्यालयसम्म आउनुपर्ने बाध्यता थियो । यस अगावै प्रशासनले पनि राष्ट्रिय परिचयपत्र र ई-पासपोर्ट आवेदनका लागि सेवाग्राहीले सम्बन्धित पालिकाबाटै अनलाइन फाराम नि:शुल्क रूपमा भर्ने व्यस्थापन मिलाइसकेको थियो ।

भोजपुरी पुस्तक विमोचन

मधेस प्रदेशका मुख्यमन्त्री लालबाबु राउतले भोजपुरी भाषाका चर्चित लेखक दिनेश गुप्ताद्वारा लिखित 'अब सुतल ठीक नइखे' (गजल संग्रह) र 'हिरोशिमा' (हाइकू संग्रह) पुस्तकको शनिबार विमोचन गरे । सो अवसरमा उनले प्रदेश सरकार प्रदेशभित्र बोलिने सबै भाषाको विकास र प्रवर्द्धन गर्न प्रतिवद्ध रहेको बताए ।

नेपाल भोजपुरी समाज वीरगञ्जद्वारा आयोजित सो कार्यक्रममा विमोचित पुस्तक तथा लेखक दिनेश गुप्ताको व्यक्ति माथि वरिष्ठ साहित्यकार एवं उद्योगपति गणेश लाठले प्रकाश पारेको थियो ।

'अब सुतल ठिक नइखे' गजल संग्रहमा गुप्ताका ५१ गजलहरू संग्रहित छन् भने 'हिरोशिमा' हाइकू संग्रहमा दुई सय एकवटा हाइकू समावेश गरिएको हो । संग्रहमा राजीतिकदेखि समाजिक तथा शृङ्गार रसमा आधारित गजल तथा हाइकूहरू समावेश गरिएको लेखक गुप्ताले बताए ।

# उपत्यकामा पुन: 'नो हर्न' अभियान



काठमाडौँ, २२ साउन (रासस)/ काठमाडौँ उपत्यकामा आइतबारदेखि नो हर्न कार्यक्रमलाई पुन: अभियानकै रुपमा अगाडि बढाइएको छ ।

समुदाय-प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत काठमाडौँ महानगर पालिकाका प्रमुख बालेन्द्र शाहको प्रमुख आतिथ्यमा आइतबार एक कार्यक्रमकाबीच नो हर्न अभियानलाई पुन: सुरु गरिएको हो ।

काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब महानिरीक्षक मीरा चौधरी र काठमाडौँ महानगर प्रमुख शाहले 'नो हर्न' लेखिएको पहेँलो स्टिकर एकअर्काको सवारी साधनमा टाँसेर कार्यक्रमको शुभारम्भ भएको घोषणा गरे ।

'नो हर्न' अभियान सफल बनाउनका साथै सडक प्रयोगकर्तामा सचेतना फैलाउन आजदेखि पद्मकन्या बहुमुखी क्याम्पसका एक सय जना विद्यार्थी १५ दिनका लागि ट्राफिक प्रहरीसँगै सडकमा खटिएका छन् । हर्नले ध्वनी प्रदूषण मात्र नभइ व्यक्तिको मानसिक स्वास्थ्यमा समेत नकारात्मक प्रभाव पार्ने भएकाले 'नो हर्न' कार्यक्रमलाई निरन्तरता दिन लागिएको काठमाडौँ महानगर प्रमुख शाहले बताए ।

काठमाडौँ उपत्यकामा ध्वनी प्रदूषण नियन्त्रणका लागि २०७४ वैशाख १ गतेदेखि 'नो हर्न' लागू गरिएको थियो । अत्यावश्यक पर्दा बाहेक अन्य अवस्थामा हर्न बजाउन निषेध गरिएको छ । केही समय लागू भए पनि पछिल्लो समयमा कार्यान्वयन हुन सकिरहेको थिएन । अहिले पुन: कार्यक्रमलाई तीव्रता दिन लागिएको छ । कार्यक्रमको थालनी रामशाहपथस्थित काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयको प्राङ्गणबाट गरिएको थियो ।

त्यसपछि काठमाडौँ महानगरपालिकाका प्रमुख शाह, काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयकी प्रमुख प्रहरी नायब महानिरीक्षक चौधरी, स्वयमसेवक, पद्मकन्या क्याम्पसका प्राध्यापक र विद्ययार्थीले सिंहदरबार चोकमा गई सार्वजनिक तथा निजी सवारी साधनमा 'नो हर्न' लेखिएको स्टिकर टाँसेका थिए ।

# घट्यो सुनको मूल्य

काठमाडौँ, २२ साउन (रासस)/ सुनचाँदी बजारमा साताको पहिलो कारोबार दिन आइतबार छापावाल सुनको मूल्य प्रतितोला ९६ हजार तीनसय तोकिएको छ । अघिल्लो दिन प्रतितोला ९६ हजार आठ सयमा कारोबार भएको उक्त सुन आज प्रतितोला पाँच सयले घटेको हो ।

नेपाल सुनचाँदी व्यवसायी महासंघले सार्वजनिक गरेको विवरणअनुसार आइतबार तेजाबी सुनको मूल्य प्रतितोला ९५ हजार आठसय छ । यसको मूल्य अघिल्लो दिन प्रतितोला ९६ हजार तीनसय थियो ।

त्यस्तै आइतबार चाँदीको मूल्य अघिल्लो कारोबार मूल्यको तुलनामा प्रतितोला १५ ले घटेर एक हजार दुई सय पाँच तोकिएको छ । महासंघले अन्तर्राष्ट्रिय बजारमा हुने सुन तथा चाँदीको कारोबार मूल्यको तुलनामा यहाँ दैनिक कारोबार मूल्य तोक्दै आएको छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# मोटरसाइकल हरायो

निम्न व्यहोराको मोटरसाइकल २०७९ साल साउन २० गते हेटौंडा-५ मिलनचोक अगाडी पार्किङ्ग गरिरहेको अवस्थाबाट बेलुका ७:०० बजेको समयमा हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न फोन नम्बरमा खबर गरिदिनु हुन अनुरोध गरिन्छ ।

**मोटरसाइकल नम्बर:** बा प्र ०२-३७ प ७३०३
**मोटरसाइकल धनीको नाम:** राजेन्द्र श्रेष्ठ
**मोटसाइकलको ब्राण्ड (नाम):** पल्सर २२०F ABS
**मोटरसाइकलको रंग:** कालो रातो
**मोटरसाइकल बनेको वर्ष:** सन् २०१४
**चेचिस नम्बर:** MD2A13EX9NCL82876
**इन्जिन नम्बर:** DKXCNL37250
**सम्पर्क फोन नम्बर:** ९८४५४०२७२३

# अब बागमतीमा सवारी अनुमति पत्र तीन दिनमै !

साझाकुरा संवाददाता

हेटौंडा, २२ साउन (रासस)/ तपाईंलाई छिटो सवारी साधनको अनुमति पत्र चाहिएको छ ? यदि चाहिएको भए अब तीन दिनमै तपाईंले प्राप्त गर्नुहुन्छ ।

बागमती प्रदेश श्रम, रोजगार तथा यातायात मन्त्रालय हेटौँडाले आकस्मिक (इमर्जेन्सी) रुपमा सवारी अनुमति पत्र चाहिने सेवाग्राहीलाई ध्यानमा राखेर छिटोमा तीन दिनमै दिने व्यवस्था गरेको हो । अन्य सेवाग्राहीलाई भने सवारी चालक अनुमतिपत्र लिन १५ देखि १८ दिन लाग्ने छ ।

बागमती प्रदेशका मुख्यमन्त्री राजेन्द्र पाण्डेले आफू मुख्यमन्त्री भएसँगै सवारी चालक अनुमतिपत्र लिन पर्खाइमा रहेका सेवाग्राहीलाई छ महिनाभित्र वितरण गरिसक्ने प्रतिबद्धता जनाएको थियो ।

प्रदेश सरकारले अतिरिक्त समयमा यातायात कार्यालय सञ्चालन गर्न सहज हुनेगरी २०७८ फागुन २६ गते कार्यविधि बनाएको थियो । सोही कार्यविधिअनुसार श्रम, रोजगार तथा यातायात मन्त्रालय हेटौँडाले आफू मातहतका सवारी चालक अनुमतिपत्र लिने कार्यालय बिहान ७ बजेदेखि सञ्चालन सुरु गरेको छ ।

मुख्यमन्त्रीका प्रमुख स्वकीय सचिव इन्जिनियर उमेश रुपाखेती बागतमी प्रदेशले यातायात कार्यालयबाट दैनिकरुपमा प्रवाह हुने सेवाग्राहीको विवरण दैनिकरुपमा सार्वजनिक गर्ने तयारी गरेको बताउछन् । "सेवाग्राहीसँग प्रत्यक्ष जोडिने कार्यालय यातायात कार्यालयको सुधारका लागि बागमती प्रदेश कार्यालय लागेको छ", उनी भन्छन् ।

यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमतिपत्र ठूलोभऱ्याङ, हेटौँडा, जगातिलगायतका कार्यालयले आइतबार बिहान ७ बजेदेखि सेवाग्राहीलाई सवारी चालक अनुमतिपत्र प्रदान सुरु गरे पनि सवारी चालक अनुमतिपत्र एकान्तकुना, चाबहिलले छिट्टै सेवा प्रदान गर्ने बागमती प्रदेशका श्रम, रोजगार तथा यातायातमन्त्री घनश्याम दाहाल बताउछन् ।

मन्त्री दाहाल यातायात कार्यालयभित्र देखिएको अस्तव्यस्तता हटाउँदै सेवाग्राहीलाई सहज ढंगले सेवा प्रदान गर्नका लागि कार्यविधि बनाएर बिहानैदेखि कार्यालय सञ्चालन सुरु गरेको बताउछन् । "उपत्यका बाहेकका अरु जिल्लाका सेवाग्राही काठमाडौँभित्र सेवा लिन आउन नपरोस् भन्ने उद्देश्यले उपत्यका बाहिर पनि सवारी चालक अनुमतिपत्र कार्यालय खोल्न लागिरहेका छौँ", उनी भन्छन् ।

सेवाग्राही १० बजेदेखि यातायात कार्यालय सञ्चालन हुने भएकाले ७ बजेदेखि नै कार्यालय आएर लाइनमा बसेको अप्ठ्यारो अवस्थालाई महसुस गरेर बिहान ७ बजेदेखि नै कार्यालय सञ्चालन सुरु गरेको उनको भनाइ छ ।

मन्त्री दाहाल अतिरिक्त समयमा काम गर्ने कर्मचारीलाई मन्त्रालयले भत्ताकोसमेत व्यवस्था गरेको बताउछन् । आइतबार बिहान सवारी चालक अनुमतिपत्र ठूलोभऱ्याङमा सेवा लिन आएका नागार्जुन नगरपालिका-२ का सेवाग्राही रामबहादुर श्रेष्ठ यति चाँडो लाइसेन्सको काम हुन्छ भन्ने विश्वास आफूलाई नलागेको बताउछन् । "यस्तो सेवा सधैं प्रदान गर्नसके यातायात कार्यालयप्रति सेवाग्राहीले हेर्ने दृष्टिकोणमा परिवर्तन आउँछ", उनी भन्छन् ।

सोही कार्यालयमा सेवा लिन आउनुभएका डडेलधुराका वीरेन्द्र साउद पछिल्लो समय यातायात कार्यालयले दिने सेवाप्रति आफू सन्तुष्ट रहेको बताउछन् ।

यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमतिपत्र ठूलोभऱ्याङका निमित्त प्रमुख सञ्जय थापा यातायात क्षेत्रलाई हेर्ने नजरमा परिवर्तन ल्याउनु जरुरी रहेको बताउछन् । "हरेकले आफू कर्मचारीमात्र नभएर सेवाग्राहीको नजरबाट हेर्नसके यातायात क्षेत्रमा सुधार आउँछ", उनी भन्छन् ।

ठूलोभऱ्याङले दैनिक तीन सय जनालाई सवारी चालक अनुमति पत्र प्रदान गर्दै आएको छ । दैनिक सात सय नयाँ सवारी चालक अनुमतिपत्रका लागि दर्ता, एक सय ५० नवीकरण, दुई सयको राजस्व संकलन र ५० जनालाई प्रतिलिपि प्रदान गर्दै आएको छ ।

यस्तै हप्ताको पाँच सय जनाको लिखित परीक्षा सञ्चालन गर्दै आएको कार्यालय प्रमुख थापा बताउछन् । ठूलोभऱ्याङले सवारी चालक अनुमतिपत्रका लागि चन्द्रागिरि नगरपालिकाको गुर्जुधारास्थित भेहिकल एकेडेमीबाट प्रयोगात्मक परीक्षा गराउँदै आएको छ ।




(१) पानीको सतह घटेपछि देखिएको कुलेखानी जलविद्युत् आयोजनाको जलाशय इन्द्रसरोवर ताल । हिउँदको बेला जलाशयमा पानी भरिने गरेको छैन् । पानी नुहँदा जलाशयको बीच भागमा माटोका ढिस्को देखिने गर्दछ । हिउँदमा वर्षातको समयमा जस्तो जलाशयलाई मनोरम देखिँदैन् । जलाशयमा पानी कम हुँदा विद्युत उत्पादनमासमेत असर पुग्ने गर्दछ ।
(२) पानीको सतह बढेपछि मनोरम देखिएको जलाशय । वर्षातको समयमा जलाशय पानीले भरिएपछि मनोरम देखिन्छ । वर्षातमा पर्याप्त पानी हुँदा विद्युत उत्पादन राम्रो हुँदै आएको छ । जलाशय भएको कुलेखानी जलविद्युत आयोजना नेपाल विद्युत प्राधिकरणको ब्याकप हो । जलाशयमा वार्षिक हजारौं पर्यटकहरुसमेत आउँछन् । जलाशयको मार्खु क्षेत्रबाट डुंगासमेत सञ्चालन हुँदै आएको छ ।
*-तस्बिर: पीथ्री फोटोग्राफी ।*

# कानुनी आधारबीनै सहकारीको भवन बनाउन ३३ लाख

हेटौंडा, २२ साउन/ मकवानपुरको शहरी विकास तथा भवन कार्यालयले नाफा कमाउन सञ्चालित सहकारीको भवन निर्माणमा रकम उपलब्ध गराएको पाइएको छ ।

कानुनत: नाफा कमाउन सञ्चालित सहकारीहरुलाई सरकारी निकायले अनुदानमा रकम उपलब्ध गराउन पाइदैन् । तर, प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयअन्तर्गतको कार्यालयले कानुनविपरित पैसाको कारोवार गर्ने सहकारीको भवन निर्माण गर्नका लागि रकम उपलब्ध गराएको पाइएको हो ।

महालेखा परीक्षकको कार्यालयले आफ्नो वार्षिक प्रतिवेदनमा सहकारीलाई गएको रकमको विषयमा प्रश्न उठाएको छ । कार्यालयले हेटौंडाको बचत तथा ऋण सहकारी संघ मकवानपुरको भवन निर्माण गर्नका लागि ३३ लाख ४३ हजार रुपैयाँ नगद रकम उपलब्ध गराएको भन्दै महालेखा परिक्षकको कार्यालयले प्रश्न उठाएको हो ।

सहकारी संघलाई दिएको रकम असुल गर्नका लागि महालेखाले सुझाव दिएको छ । प्रदेश सरकारको बजेटबाट सहकारी संस्थाको भवन निर्माण गर्ने कानुनी आधार नदेखिएको महालेखाको ठहर छ । यसैगरी, महालेखाले शहरी विकास तथा भवन कार्यालय मकवानपुरले हेटौंडा अस्पतालको भवन निर्माणको लागत अनुमान तयार गर्दा गलत भएको प्रतिवेदनमा उल्लेख गरेको छ । भवनको डीपीआर लागत ३१ करोड २९ लाख २० हजार छ । महालेखाकाअनुसार कार्यालयका पदाधिकारीहरुले बदनियत ढंगबाट वास्तविक लागतभन्दा ४ करोड बढी लागत अनुमान बढाएको हुन् ।

भवनको डीपीआर निर्माण गर्दा लाग्नुपर्ने अनुमान भन्दा चार करोड एक लाख रुपैयाँ बढी रकम निकालिएको पाइएको महालेखाले जनाएको छ । विषय विज्ञता समेत नभएका व्यक्तिहरुको समिति निर्माण गरेर त्यसको सुझावका आधारमा डीपीआर परिमार्जन गर्दा लागत अनुमान बढ्न गएको महालेखाको प्रतिवेदनमा उल्लेख छ ।

भवनको डीपीआर निर्माणमा माटोको नमुना अपर्याप्त रुपमा परीक्षण गरिएको भन्दै महालेखाले प्रश्न उठाएको हो । अस्पतालको भवन निर्माणको क्षेत्र सिमसार क्षेत्रमा परेको र पुन: डिजाइन गर्नपर्ने सुझाव समितिले दिएको थियो ।

# हेटौंडामा राष्ट्रियस्तरको नागस्वती भेट्रान्स हुँदै




साझाकुरा संवाददाता

हेटौंडा, २२ साउन/ हेटौंडामा राष्ट्रियस्तरको प्रथम नागस्वती भेट्रान्स रनिङशिल्ड 'एट ए' साइड फुटबल प्रतियोगिता हुने भएको छ ।

नागस्वती भेट्रान्स क्लबले प्रतियोगिता गर्ने आइतबार पत्रकार सम्मेलन गरेर जानकारी दिएको हो । १८ भदौदेखि हेटौंडा उपमहानगर पालिका-७ नागस्वती खेल मैदानमा प्रतियोगिता हुने भएको छ । प्रतियोगितामा देशभरका ४० वर्ष माथी उमेर समूहका खेलाडीहरुको सहभागिता रहने आयोजकले जानकारी दिएको छ । प्रतियोगिताको विजेताले २ लाख १ हजार र उपविजेताले एक लाख १ हजार नगदसहित शिल्ड पाउने क्लबका अध्यक्ष सोमबहादुर तितुङ्ले बताए ।

उनले प्रतियोगितामा १८ वटा भन्दा माथि क्लबहरुको सहभागिता रहने जनाएका छन् । खेलमा १३ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको उनले बताए । स्वास्थ्यका लागि खेल भन्ने नाराका साथ आयोजना गर्न लागेको प्रतियोगिताले पूर्व खेलाडीहरुको मनोवल उच्च राख्न सहयोग पुग्ने उनले बताए । नागस्वती भेट्रान्स क्लब गतवर्ष मात्रै स्थापना भएको थियो ।

# प्रदेश सरकारद्वारा बिरामीलाई हेमोफिलियक फ्याक्टर



साझाकुरा संवाददाता

हेटौंडा, २२ साउन/ बागमती प्रदेश भर रहेका हेमोफिलियाका विरामीहरुका लागि एन्टी हेमोफिलियक फ्याक्टर सहयोग गरिएको छ ।

हेमोफिलियाका बिरामीमा शरिरमा कुनै चोटपटक लागेमा र गत नरोकिने समस्या हुन्छ । बागमती प्रदेशको स्वास्थ्य मन्त्रालयले यस्ता बिरामीहरुको उपचारमा सहयोग पुऱ्याउने उद्देश्यले मन्त्रालयअन्तर्गतको स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रको आयोजनामा आइतबार हेमोफिलियक फ्याक्टर हस्तान्तरण गरेको हो ।

स्वास्थ्य मन्त्री निमा लामाले हेमोफिलिया सोसाइटी नेपालका अध्यक्ष मुकुन्दमणि घिमिरेलाई उपचार सामग्री हस्तान्तरण गरे । मन्त्री लामाले बागमती प्रदेश सरकारबाट प्राप्त सहयोगको औषधी होमोफिलियाका बिरामीका लागि सर्वसुलभ रुपमा उपलव्ध गराउन हेमोफिलिया सोसाइटीलाई आग्रह गरे । उनले प्रदेश सरकार यस्तै खाले अन्य रोगका विरामीहरुको लागि औषधि र उपचारको व्यवस्था गर्न प्रतिवद्ध रहेको बताए ।

उनले बागमती प्रदेश स्वास्थ्य मन्त्रालयले औषधि एवम् उपकरण र औषधि खरिदका लागि बजेट विनियोजन गरिसकेकाले खरिद प्रक्रिया अघि बढाइएको समेत बताएका छन् ।

उनले विद्यालय नर्स कार्यक्रममा पनि यस्ता रोगबारे जानकारी गराउनुका साथै त्यस्ता बिरामीहरु पत्ता लगाउन आग्रह गरे । गतवर्ष पनि औषधि उपलब्ध गराएको र यस वर्ष अनि आगामी वर्षका लागि पनि आवश्यक बजेट राखिएको बताएका छन् ।

आपूर्ति केन्द्रबाट सोसाइटीलाई १ हजार १ सय ३० भाइल औषधि उपलब्ध गराएको आपूर्ति केन्द्रका प्रमुख डा. अर्जुनप्रसाद सापकोटाले जानकारी दिए । हस्तान्तरण गरेको औषधिको मूल्य करिब एक करोड रुपैयाँ रहेको जनाइएको छ ।

देशभर हेमोफिलियाका ७ सय ८० र बागमती प्रदेशमा २० महिलासहित २ सय ५० जना विरामी रहेको सोसाइटीका अध्यक्ष घिमिरेले बताए । औषधि अभावमा गत वर्ष ४ जनाको मृत्यु भएको र केहि दिन अघि ३ वर्षे बालकले ज्यान गुमाउनुपेको उनले बताए ।

नेपालभर तीन हजार भन्दाबढी यस रोगका विरामी रहेको अनुमान सोसाइटीले गरेको बताउदैं तौल र केश अनुसार औषधिको मात्रा प्रयोग गर्नुपर्ने हुनाए यस भाइलले पनि नपुग्ने बताए । गतवर्ष १० लाख ५० हजार मात्रा प्रयोग गरिएको थियो यस वर्ष झन विरामी बढ्दोक्रममा रहेको उनले बताए ।

विगत लामो समयदेखि बाहिरी देशका डोनरहरुले केही मात्रामा औषधि उपलब्ध गराएपनि पछिल्लो वर्षदेखि संघीय र प्रदेशका सरकारले खरिद प्रक्रिया अगाडि बढाएर उपलब्ध गराइरहेको अध्यक्ष घिमिरेले बताएका छन् ।

बिरामीले सहजै फार्मेसीमा नपाइने, औषधिको मुल्य धेरै हुनु, सरकारले आवश्यक भन्दा कम उपलब्ध गराउनुले हाम्रा विरामी साथीहरु अकालमै गुमाउनुपरेको गुनासो राखेका थिए । उनले यस्तो रोग वंशाणुगत ७० र पोषणका कारण ३० प्रतिशत रोग लाग्ने सम्भावना रहने बताए ।

# स्काउटको आधारभूत तालिम सकियो

साझाकुरा संवाददाता

हेटौंडा, २२ साउन/ जिल्लाको उत्तरी क्षेत्रस्थित थाहा नगरपालिकामा भएको स्काउटको आधारभूत तालिम सकिएको छ ।

थाहा-१, स्थित झम्केश्वरी माविमा सञ्चालित ६ दिने तालिमको नेपाल स्काउटका केन्द्रीय सदस्य विरेन्द्र ध्वजको प्रमुख आतिथ्यतामा समापन गरिएको हो ।

स्थानीय स्काउट थाहा नगरपालिकाको संयोजक गणेशमान श्रेष्ठको अध्यक्षतामा भएको समापन कार्यक्रममा थाहा नगरपालिकाको प्रमुख विष्णु विष्ट, नगर उपप्रमुख भरत गोपाली, नेपाल स्काउटका बागमती प्रदेश सल्लाहकार केशरत्न बज्राचार्य, थाहा नगर शिक्षा शाखा प्रमुख शोभाकर रेग्मी, वडा नम्बर १ का अध्यक्ष हेरमान गोपाली, प्याब्सन थाहा नगर अध्यक्ष सुरेन्द्रमान प्रधान, पालुङ जेसीजका अध्यक्ष जयराम खत्री, झम्केश्वरी माविका प्रअ उद्धव आचार्य, जनकल्याण माविका सहायक प्रअ कृष्णबहादुर विष्टलगायतको आतिथ्यता थियो ।

तालिमका सहभागीहरुले अनुशासन र मर्यादा तथा देशभक्त बन्न तालिमले मद्दत पुऱ्याएको प्रतिक्रिया दिएका छन् । तालिमबाट जीवनउपयोगी शिक्षा लिन पाइएको सहभागीहरुले बताए । समाजमा आइपर्ने आपत्तकालिन अवस्थामा सहयोग रसहकार्यको भावना जागृत गराउने काम जेसीजले गरेको उनीहरुको भनाई छ ।

नगर प्रमुख विष्टले स्काउटको महत्व र आवश्यकता स्थानीयस्तरमा दर्शाउन नगर पालिकाले सहयोग गर्ने बताए ।

तालिमबाट स्थानीय स्काउटका प्रमुख तथा थाहा नगरपालिकाका उपप्रमुख भरत गोपाली दिक्षित भएका थिए । गोपालीले आफू दिक्षित भएपछि अर्को थप जिम्मेवारी बढेको महसुश भएको भन्दै स्काउटको माध्यमबाट थाहा नगरमा सकारात्मक सोचको विकास हुने अपेक्षा रहेको बताए ।

स्काउट थाहा नगर संयोजक श्रेष्ठले नगरका आधारभूत र माध्यमिक विद्यालयहरुलाई लक्षित तालिमको आयोजना गरिएको बताए । तालिममा थाहा नगरपालिकाका १९ वटा सामुदायिक र ६ वटा संस्थागत विद्यालयका शिक्षकहरु, स्थानीय स्काउट समिति र समुदायबाट गरी ६४ जनाको सहभागिता थियो ।

तालिम थाहा नगर पालिका र मातहतका शाखाहरु, स्थानीय संघसंस्था, निजी क्षेत्र र व्यक्तिहरुबाट सहयोग जुटाएर सञ्चालन गरिएको जनाइएको छ । सहयोगमा व्यक्तिहरुले चामलदेखि नगद सहयोग गरेका थिए ।


**भर्ना खुल्यो ! भर्ना खुल्यो !!**

**H.A कार्यक्रम**

**फारम बुझाने अन्तिम मिति**:
२०७९ साउन २६ गते बिहीबार बेलुका ४:३० बजे सम्म
**प्रवेश परीक्षा मिति**: २०७९ भाद्र ०४ गते विहान ११ बजे
**फारम शुल्क रु १५००/-**
**आवश्यक न्यूनतम शैक्षिक योग्यता**:
मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका (SLC/SEE) परीक्षामा अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषयमा न्यूनतम 'C' ग्रेड प्राप्त गरी समग्र Grade Point Average (GPA) न्यूनतम २ प्राप्त गरेको हुनुपर्नेछ ।
**नोट**:
सामुदायिक, विद्यालय अध्ययन गरेको एकल महिला, दलित, आदिबासी/जनजाती मुस्लिम, मधेसी, पिछडिएको दुर्गम वर्गमा पर्ने विद्यार्थीहरुले सोको प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

**मकवानपुर टेक्निकल इन्ष्टिच्युट**
हेटौंडा-५, भैरवरोड, सम्पर्क: ०५७-५२१८५२, ९८४५०२९८१०

**मकवानपुर बहुमुखी क्याम्पसमा**
**कक्षा ११ मा भर्ना खुल्यो**

समुदायको व्यवस्थापनमा सञ्चालित उत्कृष्ट शैक्षिक गन्तव्य गुणस्तरीय क्याम्पसको रुपमा प्रमाणित मकवानपुर बहुमुखी क्याम्पसमा कक्षा ११ मा भर्ना खुल्यो । यथाशिघ्र भर्ना भई उपयुक्त विषयको अध्ययन गरी सुन्दर भविष्य निर्माणमा अग्रसर हुन सम्पूर्ण विद्यार्थीमा अनुरोध गरिन्छ । फारम वितरण भइरहेको छ । कक्षा सञ्चालन भदौ ५ गते आइतबारदेखि हुने जानकारी गराइन्छ ।

**बिहानी समूह**: व्यवस्थापन, मानविकी, शिक्षाशास्त्र
**दिवा समूह**: विज्ञान, व्यवस्थापन



विज्ञान संकायको प्रवेश परीक्षा साउन २४ गते दिनको १ बजे हुनेछ ।

**मकवानपुर बहुमुखी क्याम्पस**
हेटौंडा-२, मकवानपुर
०५७-५२०६२०

**HETAUDA CITY HOSPITAL PVT.LTD.**
*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

**प्रोपाईटर**: बिनोद शाही ☎ ९८४५०२२५३१, ९८१७२२४३६२

**विक्की फ्रेस मिट शप**
हेटौंडा-२, चौकीटोल



हामीकहाँ लोकल तथा ब्रोइलर कुखुराको मासु, खसीको मासु, बंगुरको मासु, राँगाको मासु पाउनुको साथै जीउँदो माछा पनि पाईन्छ ।


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना